# 'नरेन्द्र दाइ' उपन्यासको रचनाविधान

**खगेन्द्र घोडासैनी, विद्यावारिधि**
उपप्राध्यापक, नेपाली विभाग, नेसंवि, जनता विद्यापीठ, बिजौरी, दाङ, नेपाल
Email: kghodasaini2017@gmail.com
https://doi.org/10.3126/haimaprabha.v23i1.66713

**सारसङ्क्षेप**

प्रस्तुत लेखमा 'नरेन्द्र दाइ' उपन्यासको रचनाविधान पहिल्याउने प्रयास गरिएको छ । गुणात्मक ढाँचामा संरचित यस लेखमा सोद्देश्यमूलक नमुना छनोट विधि र कृतिबाट तथ्य सङ्कलन गरिएको छ। यसमा रचनाविधानलाई सैद्धान्तिक आधार बनाइएको छ। मूलतः साहित्यका विधाको संरचना र रूपविन्याससँग सम्बन्धित सिद्धान्त नै रचनाविधान हो । कृतिले विधागत मूल्य पाउन यसका कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु र सारवस्तुजस्ता पाँचओटा घटकहरूको गुम्फन भएको हुन्छ । उपन्यासको निर्माणमा भूमिका खेल्ने सूक्ष्म तत्त्वहरूको पारस्परिक मेल नै रूपविन्यास भएकाले सोही कुरालाई आधार बनाई 'नरेन्द्र दाइ' उपन्यासको रचनाविधान पहिल्याउने काम गरिएको छ । यस उपन्यासमा यौनमनोवैज्ञानिक विषयवस्तु र विसङ्गतिवादी अस्तित्ववादी विचारको प्रयोग गरिएको छ। यसमा नायक नायिकाको सम्बन्ध, मुनरिया र सानोबाबुको दृष्टिकोण विसङ्गतिवादी अस्तित्ववादी देखिन्छ। नरेन्द्र सुरुमा यौनिक वा शारीरिक प्रेमलाई बढी महत्त्व दिन्छ भने अन्तमा आत्मिक प्रेम प्राप्त गर्छ। यसमा पूर्वस्मृति, संवाद र पत्रात्मक शैलीको प्रयोग गरिएको छ। यसमा तार्किक, कवितात्मक र स्थानीय भाषा, घटनाभन्दा चरित्रको आधिक्यता, आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा बाँधिएको रैखिक प्रकृतिको कथानक तथा संवृत रूपविन्यासयुक्त भएकाले सामान्य पाठकका लागि पनि यो उपन्यास बोधगम्य रहेको निष्कर्ष निकालिएको छ।

**शब्दकुञ्जी :** यथार्थवादी, यौन, रूपविन्यास, संरचना, संवृत।

## विषयपरिचय

'नरेन्द्र दाइ' (२०२७) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास यात्राको दोस्रो उपन्यास हो । यसमा जीवनलाई अस्तित्व, विसङ्गति र मनोविज्ञानको त्रिपक्षीय प्रयोग गरिएको छ । यस उपन्यासका पात्रहरू अस्तित्वका लागि सङ्घर्ष गर्छन् तर त्यो सङ्घर्ष निरर्थक हुन्छ र शून्यमा परिणत हुन्छ। यौन र आकाङ्क्षा राखेर क्षणिक सन्तुष्टिका लागि अस्तित्वको खोजी गर्छन् तर त्यो दिगोरूपमा रहन नसक्दा निराशा र पलायन हुनुपर्ने बाध्यता आइलाग्छ। यस उपन्यासको नायक नरेन्द्रमा पत्नी गौरीको अविकसित यौन अङ्गका कारण यौन तृप्तिका निम्ति उपयुक्त नभएको ठान्दै विकर्षण उतपन्न हुन्छ। बरु घरकी नोकर्नी मुनरिया बैँसमा फक्रेकी हुँदा ऊसँगको अनैतिक यौन समागमबाट यौन चाहना पूरा गर्छ । गौरीले सानोबाबुलाई चुम्बन र असामान्य

तरिकाले अङ्कमाल गरेर आफ्ने यौन चाहना पूरा गर्छे । नरेन्द्रको सङ्गत नपाउँदा गौरी आफ्नो शारीरिक अपरिपक्वताबाट हीनताको अनुभव गर्छे भने उपन्यासको अन्त्यतिर मुनरिया आफू मरिसकेको घोषणा गर्दै बाँचिरहेकी हुन्छे । उता थकित र रोगी नरेन्द्रलाई पाएर विक्षिप्त अवस्थाकी गौरी आफू बाँचिरहेको अनुभव गर्छे । यसबाट 'नरेन्द्र दाइ' उपन्यास अस्तित्व, विसङ्ति र मनोविज्ञानसँग सम्बन्धित विचार भएको देखिन्छ ।

'नरेन्द्र दाइ' उपन्यासको प्रस्तुति यथार्थवादी छ । यसमा नरेन्द्र, मुनरिया, गौरी र सानोबाबुका मानसिक उतारचढावको प्रस्तुति गरिएको छ । नरेन्द्रकी पत्नी भए तापनि शारीरिक अपरिपक्वताका कारण यौन आकर्षणको कमी हुनु, यौन अङ्गको पूर्ण विकास पूर्व नै आमाबाबुले बिहा गरिदिने तत्कालीन सामाजिक यथार्थता, उमेर बढे पनि परिपक्व नहुँदा नरेन्द्रको गौरीप्रतिको विकर्षण र नोकर्नी मुनरियाप्रतिको आकर्षण स्वाभाविक र यथार्थमूलक घटना हुन् । नोकर्नीसँग बिहे गरेर गाउँमै बस्न नसकिने अनि अल्लारे पाराले घरबाट भाग्दा आर्थिक अभाव तथा क्षणिक यौन आकर्षण मात्रले दिगो मेलमिलाप हुन नसक्दा नरेन्द्र र मुनरियाको सम्बन्ध सधैं उहीरूपमा कायम हुन नसकी नरेन्द्रले गौरीलाई स्विकार्नुजस्ता घटनाक्रमहरू यथार्थ प्रकृतिका छन् । यसरी अस्तित्ववादी, विसङ्गतिवादी विचारलाई मनोविज्ञानको प्रयोग गरी यथार्थमूलक ढाँचामा प्रस्तुत गरी लेखिएको हुनाले 'नरेन्द्र दाइ' उपन्यास कोइरालाले यथार्थवादी रीतिक्षेत्रमा आधारित भएर लेखेको स्पष्ट हुन्छ । 'नरेन्द्र दाइ' उपन्यासमा आधारित भएर विभिन्न समीक्षकहरूले कलाम चलाए पनि रचनाविधानका आधारमा अध्ययन गरिएको पाइँदैन । त्यसैले यस लेखमा 'नरेन्द्र दाइ' उपन्यासको रचनाविधानरपरक अध्ययन गर्ने उद्देश्य राखिएको छ । त्यसका लागि 'नरेन्द्र दाइ' उपन्यासको रचनाविधान के कसरी भएको छ ? भन्ने प्रमुख समस्यामा केन्द्रित भएर यो लेख तयार पारिएको छ । रचनाविधान सिद्धान्त मात्रको प्रयोग गर्नु यस लेखको सीमा रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनमा निम्नानुसारको अध्ययन विधि अवलम्बन गरिएको छ :

**अध्ययनको ढाँचा** : यो गुणात्मक ढाँचाको अध्ययन हो । यसमा कृतिबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ ।

**सहभागी र नमुना छनोट** : नेपाली साहित्यमा विभिन्न विधाहरू छन् । ती सबै विधाहरूलाई प्रस्तुत अध्ययनमा सहभागीका रूपमा परिभाषित गरिएको छ । यसका लागि सम्भावनारहित नमुना छनोट पद्धतिअन्तर्गतको उद्देश्यमूलक नमुना छनोटपद्धतिका आधारमा नेपाली भाषामा लेखिएका विभिन्न उपन्यासमध्ये विश्वेश्वरप्रसाद कोइरालाले लेखेको 'नरेन्द्र दाइ' उपन्यास छनोट गरिएको छ ।

**तथ्य सङ्कलन** : प्रस्तुत अध्ययनमा 'नरेन्द्र दाइ' उपन्याससँग सम्बन्धित विभिन्न कृति र लेखहरूलाई आधार बनाएर तथ्य सङ्कलन गरिएको छ ।

**तथ्य सङ्कलनका साधन** : यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतका विभिन्न प्रकाशित पुस्तक र पत्रिकामा प्रकाशित लेखहरूको उपयोग गरिएको छ । त्यसैले यसमा प्रकाशित दस्तावेजमा प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

**तथ्य विश्लेषण प्रक्रिया** : प्राप्त तथ्यको वर्णनात्मक र समीक्षात्मक अध्ययन गरिएको छ । तथ्यको पुष्टि गर्न विश्लेषणसमेत गरेर निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

आख्यानका उपकरणहरूमा कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु, सारवस्तु र भाषाशैलीलाई लिइएको पाइन्छ । उपन्यासका समीक्षकहरूले यसको रचनाविधानबारे चर्चा गरेको पाइँदैन तर कथाका सन्दर्भमा भने श्रेष्ठ (२०५७), श्रेष्ठ (२०६६), पौड्याल (२०६५), घोडासैनी (२०७७) र घोडासैनी (२०७८) ले कथाको रचनाविधान र रूपविन्यासजस्ता पक्षका बारेमा चर्चा गरेको पाइन्छ । साहित्यशास्त्रमा समीक्षकहरूले साहित्यका विधालाई शरीररचनाका रूपमा र आत्माका रूपमा धेरै पहिलेदेखि हेर्दै र पर्गेल्दै आएका हुन् । उपन्यासका तत्त्वहरूलाई पनि शरीररचना र आत्मतत्त्वका रूपमा हेर्दा मात्र यसको रचनाप्रक्रियाका बारेमा स्पष्ट हुन सकिन्छ । समीक्षकहरू उपन्यासमा अन्तर्सङ्गठन हुन्छ भन्ने मान्यता राख्दछन् । त्यसैले साहित्यिक शब्दावलीमा सिर्जना भनेको जन्ममात्र नभई रचनाविधान पनि हो । यसका निश्चित व्यवस्थाअन्तर्गत समग्र कृतिको निर्माणका लागि स्वेच्छाले स्वीकार गरिएको कलानुशासन हो । उपन्यास विधासँगको अनुबन्धपश्चात् उपन्यासकारले अभिव्यक्तिका निमित्त अँगालेको सौन्दर्यमूलक मूल्य नै रचनाविधान हो (श्रेष्ठ, २०६६, पृ.२१) । यसअन्तर्गत औपन्यासिक कृतिको आत्मा र भौतिक शरीर दुवै खोज्ने काम हुन्छ । रचनाविधानका संरचना पक्ष र रूपविन्यास पक्षजस्ता दुईओटा एकाइ हुन्छन् ।

संरचना पक्षअन्तर्गत कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु र सारवस्तुजस्ता तत्त्वहरू रहेका हुन्छन् । त्यसैले उपन्यासमा कथ्यको विन्यासलाई नै संरचना भनिन्छ । खास गरी उपन्यासमा कथ्य अनिवार्य हुन्छ । पाठकलाई यसै कथ्यको सौन्दर्यले नै आकर्षित गरेको पाइन्छ । एउटा स्तरीय उपन्यास हुनका लागि तर्कसङ्गत र युक्तिपूर्ण कथ्य आवश्यक ठानिन्छ । साहित्यिक कृतिको संरचना नै रूप हो । साहित्यिक संरचनाका विभिन्न घटकहरूको पारस्परिक मेललाई नै रूपविन्यास भनिन्छ । उपन्यासको रूपविन्यास भाषाशैलीबाट निःसृत हुन्छ । यी दुवै कथ्यका संवाहक हुन् । त्यसैले यी दुई आधारहरू जति सशक्त हुन्छन्, उपन्यासको रचनाविधानगत रूप त्यतिकै प्रभावकारी हुन्छ (श्रेष्ठ, २०६६, पृ.४१) । साहित्यिक अभिव्यक्तिको शक्ति नै भाषा हुने भएकाले उपन्यासमा भाषाले शक्तिको काम गरेको हुन्छ । उपन्यासको रचनाविधानका दृष्टिबाट हेर्दा शैलीलाई एकभन्दा बढी भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्चयका रूपमा परिभाषित गरिएको पाइन्छ (शर्मा, २०६३, पृ.४०३) । त्यसैले शैली रचनाकारको त्यस्तो विशिष्ट अभिव्यक्ति हो जसमा भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ । यसकारण शैली अभिव्यक्तिको प्रकार हो । उपन्यासको स्वरूपका आधारमा संवृत रूपविन्यास र विवृत रूपविन्यास गरी रूपविन्यास दुई प्रकारका हुन्छन् । सरल र सामान्य भाषाशैलीको अभिव्यक्ति गरिएका उपन्यासमा संवृत रूपविन्यास हुन्छ । यसमा भाषिक विचलन हुँदैन, भाषिक नियमहरूको पालना गरिएको हुन्छ । कथ्यलाई बढी महत्त्व दिएर शास्त्रीय शैलीप्रतिको इमान्दारिता बन्ने प्रवृत्ति संवृत रूपविन्यासमा हुन्छ । विवृत रूपविन्यासमा संचनात्मक विशिष्टता, अभिव्यक्तिगत विलक्षणता र शैलीगत चमत्कार देखाइएको हुन्छ । यसमा सरल र सामान्य भाषा नभई विशिष्ट, कवितात्मक, आलङ्कारिक वा चमत्कृत भाषाशैलीको प्रयोग गरिएको हुन्छ ।

विवृत शैलीका उपन्यासमा प्रयोगशीलता र विशिष्ट प्रयोगमै बढी जोड दिइएको हुन्छ । आधुनिक उपन्यासमा संरचना र रूपविन्यासबिच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ (श्रेष्ठ, २०६६, पृ.४२) । उपन्यासमा प्रभावकारिता ल्याउन र निश्चित आकार प्रदान गर्न रूपविन्यास र संरचना दुवैको उत्तिकै आवश्यकता हुन्छ । उपन्यासको संरचनामा रूपविन्यास अन्तर्घुलन भएर बसेको हुन्छ । यसअन्तर्गत पदविन्यास, वाक्यविन्यास, बिम्ब, प्रतीक आदि पर्दछन् (घोडासैनी, २०७८, पृ.३) । यस लेखमा मुख्यतः उपन्यासको संरचना पक्ष र रूपविन्यासजस्ता प्रमुख दुईओटा कुरालाई सैद्धान्तिक पर्याधार मानी सोहीअनुसार 'नरेन्द्र दाइ' उपन्यासको रचनाविधान पहिल्याउने प्रयास गरिएको छ ।

## छलफल र विश्लेषण/परिणाम

उपन्यासको संरचना पक्षअन्तर्गत कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु र सारवस्तु तथा रूपविन्यास पक्षअन्तर्गत संवृत रूपविन्यासजस्ता शीर्षकमा 'नरेन्द्र दाइ' उपन्यासको रचनाविधानपरक अध्ययन गर्ने प्रयास निम्नलिखित रूपमा गरिएको छ :

### उपन्यासको संरचना पक्ष

'नरेन्द्र दाइ' कोइरालाका औपन्यासिक यात्राको दोस्रो उपन्यास हो । यस उपन्यासको प्रकाशन २०२७ सालमा भएको हो । यसले डिमाइ आकारका जम्मा ७८ पृष्ठ ओघटेको छ । यसमा घटनाहरूलाई खण्डमा विभाजन गरिएको छ । उपन्यासभित्र कुनै खण्ड, भाग, परिच्छेद आदि केही राखिएको छैन । खण्डको समाप्तिपछि चतुष्कोणीय चिह्नको प्रयोग गरिएको छ । खण्डगत आयामका दृष्टिले हेर्दा पहिलो खण्ड पृष्ठ १ देखि ४५ सम्म, दोस्रो खण्ड ४६ देखि ७३ सम्म र तेस्रो खण्ड ७४ देखि ७८ सम्मको आयामभित्र समेटिएका छन् । यसरी पहिलो खण्ड ४५ पृष्ठ, दोस्रो खण्ड २० पृष्ठ र तेस्रो खण्ड ५ पृष्ठ लामो पाइने हुनाले क्रमशः ठुलोबाट सानो आकारको खण्ड निर्माण गरिएको पाइन्छ ।

### कथानक

'नरेन्द्र दाइ' उपन्यासमा म पात्र (सानोबाबु) ले पुरै कथानकलाई संस्मरण र चिठीका माध्यमबाट प्रस्तुत गरेको छ । ऊ उपन्यासमा सम्पूर्ण घटनाको द्रष्टा र सबै पात्रसँगै जीवनभोग गर्ने पात्र पनि हो । मानिसमा पाइने तीव्र कामवासना र अतृप्तिको परिणतिलाई मनोवैज्ञानिक दृष्टिकोण राखेर प्रस्तुत गर्दै तिनीहरूको भोगाइमा अस्तित्व र विसङ्गतिका पक्षहरूको प्रयोग यस उपन्यासमा गरिएको छ । यसको कथानकलाई आदि, मध्य र अन्त्यको क्रममा राखी निम्नानुसार तरिकाले देखाउन सकिन्छ :

### आदिभाग

म (सानोबाबु) पात्रले विगतमा आफूले देखेभोगेका र सुनेका घटनाहरू स्मरण गर्दै जान्छ । उसले वर्णन गरेअनुसार रुखो र आकर्षक रूपको नभएकाले केटाकेटीहरू सहजरूपमा उसको नजिक पर्न सक्दैनन् । सानोबाबुले आफू, सान्नानी र फगुनीसँगै खेलेका, मुनरिया र 'नरेन्द्र दाइ' एकान्तमा बसेर कुराकानी गरेको देखेका घटना सम्झिन्छ । गौरी र 'नरेन्द्र दाइ'को सानैमा विवाह भएको हुन्छ । गौरीको रूपरङ्ग राम्रो देखिए

पनि उसमा उमेरअनुसार जवानीको रङ्ग चढ्न नसकी शारीरिक विकाससमेत भएको देखिँदैन । शारीरिकरूपमा अविकसित भएकाले नरेन्द्र गौरीप्रति आकर्षित हुन सक्दैन । गौरी घरायसी कामकाज गर्नमा कुशल, सुग्धरी र नरम व्यवहार गर्ने हुँदा सबैले उसलाई मन पराए पनि नरेन्द्र भने टाढिंदै जान्छ । गौरीले नरेन्द्रलाई देवताझैँ मानेर पूजा गर्छे । नरेन्द्रका बाबु कप्तान बाले नरेन्द्रलाई 'एउटी स्वास्नी पनि स्याहार्न नसक्ने 'नामर्द' भनेर हप्काउँदा 'यो तपाईंले ल्याइदिएकी तपाईंलाई नै भयो कप्तान बा' भनेर जवाफ फर्काउँछ । त्यस दिनदेखि गौरीसँग झनै विमुख भएर एउटै कोठामा समेत बस्न छोड्नुजस्ता घटनाक्रमले उपन्यासको आदि भागको निर्माण गरेका छन् ।

**मध्यभाग**

गौरीको शरीरसम्म पनि नछुने निर्णय गरेर नरेन्द्र बिस्तारै गाउँकै धानुककी छोरी नौजवान मुनरियासँग माया प्रेम गाँस्न थाल्छ । नरेन्द्रकै घरमा काम गर्ने मुनरियाको चुमौन (केटा र केटीको औंलाबाट रगत निकालेर एउटैमा मिसाउने विवाहको प्रारम्भिक कर्म) भइसकेको तर गौना (जवान भएको केटाले चुमौन गरेकी केटीलाई विवाह गरेर लैजाने कर्म) नभएकाले ऊ घरमै बसेकी हुन्छे । नरेन्द्र मुनरियातिर आकर्षित भएकाले गौरीको तृष्णा बढ्दै जान्छ । पति प्रेम पाउन नसकेकी गौरीले सानोबाबुलाई चकलेट दिएर फकाईफुल्याई कोठामा लागि बेपर्बाह चुम्बन गर्दै आँसु झार्छे । बाबु साहेबले गौरी र नरेन्द्रका बिच मध्यस्थता गराउने चेष्टा गरे पनि मुनरियाको एउटा घटनाबाट त्यो कृत्रिम सम्बन्ध भताभुङ्ग हुन्छ । मुनरियाले अछुत मानिएको मानिसलाई इनारको बाल्टिनबाट पानी खुवाएको देखेर कप्तानी आमा क्रोधित भई उसलाई तथानाम गाली गर्छिन् । यसबाट गान्धीवादी विचारको नरेन्द्र र आमाबिच भनाभन हुन्छ अनि नरेन्द्रले छुवाछुतको भावनाको विरोध गर्छन् । आमाछोराबिच वाक् युद्ध चल्दा आमाले काशी जाने धम्की दिंदै मुनरियालाई वेश्या घोषित गर्छिन् । नरेन्द्र मुनरियालाई लिएर घर छाड्ने निर्णय लिन्छ । मुनरियालाई भेटेर नरेद्रलाई रोक्न तथा आफू सौतासँग बस्न तयार रहने गौरीको प्रयास विफल हुन्छ । नरेन्द्र र मुनरिया गाउँबाट हराउँछन् । उनीहरू लखनऊ, बनारस र काठमाडौंतिर घुम्छन् । सम्पत्ति छउन्जेल उनीहरूले रङ्गीन जीवन बिताउँदै भोग गर्छन् । मुनरिया र नरेन्द्रका यस्ता क्रियाकलापहरू सानोबाबुले बनारसमा मुनरियालाई भेटेपछि थाहा पाउँछ । नरेन्द्र र मुनरियाको प्रेम चरम अवस्थामा रहेका बेला नियतिको कालो बादल उनीहरूको जीवनमा मडारिन्छ । नरेन्द्र क्षयरोगको सिकार हुन्छ । उसको अव्यवस्थित र विलासी प्रवृत्तिले खर्च सकिन्छ । त्यसपछि ऊ काठमाडौँबाट काशी फर्किन्छ । मुनरियालाई नरेन्द्रले अर्को विवाह गर भन्दा उसले मान्दिन । क्षयरोगी र बेखर्ची भएको हुँदा मुनरियाले उसलाई गाउँ फर्किन आग्रह गर्छे । नरेन्द्र गाउँ फर्के पनि मुनरिया बनारसमै सानोबाबुको भान्दाइको घरमा नाचगानको काम गरेर बस्छे ।

**अन्त्यभाग**

मुनरियाले सानोबाबुका भान्दाइहरूको अमानवीय व्यवहार सहँदै सतीत्व गुमाएर जीवनका कष्टकर दिनहरू काट्न थाल्छे । मुनरियाले नरेन्द्रको प्रेमले गौरीलाई देवी र आफूलाई पशु बनाएको ठान्छे । सानोबाबुले गाउँमा गौरीलाई चिठी लेखेर गौरी र नरेन्द्रका बिच प्रेमपूर्वक मिलन भएको जानकारी पाउँछ । बिस्तारै बिस्तारै नरेन्द्रलाई क्षयरोगले च्याप्दै जाँदा गौरी विक्षिप्त हुँदै जान्छे । गौरीले सानोबाबुलाई आफ्नो

प्रेमका सूक्ष्म अनुभव पनि निकै बिस्तारपूर्वक लेखेर पठाउँछे । उसले मुनरियालाई बहिनी ठानेर गाउँमा निम्त्याउँछे । क्षयरोगी नरेन्द्रको मृत्युको खबर डाक्टरबाट पाएर सानोबाबु गौरीलाई जिम्मा लिन गाउँ पुग्छ । गौरी विधवा भएर पनि सधवाकै पहिरनमा देखिन्छे । सबैले उसलाई बहुलाही भन्छन् । सानोबाबु गौरीको माइती घर वीरगन्जमा पुगाएर बनारस फर्किन्छ । गौरी माइती घरमै भूकम्पले घर भत्किएको र त्यसमा किचिएर मरेको कुरा सानोबाबुले थाहा पाउँछ । एक दिन सानोबाबुको मुनरियासँग बनारसको ठटेरी बजारमा भेट हुन्छ । मुनरिया बुढो जौहरीकी पत्नीका रूपमा गहनाले सजिएर पसलमा व्यस्त देखिन्छे । सानोबाबुले बोलाउँदा 'उसले आफूलाई आफू जौहरीकी पत्नीमात्र भएको तर मुनरिया चाहिँ मरिसकी' भन्ने जवाफ दिएर हिँड्छे । सानोबाबुले नरेन्द्र, गौरी र मुनरियाले बनाएको बालुवाको निरर्थक त्रिभुज शून्यमा बिलाएको कल्पना गर्नुजस्ता घटनाक्रमले उपन्यासको अन्त्य भएको देखाइएको छ ।

यसरी 'नरेन्द्र दाइ' उपन्यासको मूल कथानक नरेन्द्र, गौरी र मुनरियासँग सम्बन्धित रहेको छ भने सानोबाबु र सन्नानीले सँगै खेलेर बिताएको जीवन सहायक कथानक बनेर आएको छ । यस उपन्यासमा पात्रका मानसिक ग्रन्थि र जीवनका पीडाहरूको बयान गरिएको छ । परम्परित समाजले गौरीप्रति सहानुभूति राखे पनि नरेन्द्र र मुनरियाको मेल उपन्यासमा भएको छ भने उनीहरूका जीवनमा परेको नियतिको बज्रपातले गौरी र नरेन्द्रको मिलन सम्भव भएको छ । नरेन्द्रका यिनै पलायन र मिलनका दौरानमा उपन्यासको कथानक समाप्त भएको छ । मान्छेको अस्मिताबोध र त्यसबाट उत्पन्न हुने परिस्थिति, शारीरिक परितृप्तिको क्षतिपूर्ति, प्रेमको आध्यात्मिक स्वरूपको दर्शनजस्ता रहस्यमय कुराहरूमा पनि उपन्यास केन्द्रित रहेको छ । अहम् र कामवृत्तिको प्रेरणाले चलेको जिन्दगीको त्रासदीय अवस्था बनेर 'नरेन्द्र दाइ' उपन्यासको कथानकको बुनोट गरिएको छ ।

## चरित्र र चरित्र चित्रण

'नरेन्द्र दाइ' चरित्रप्रधान उपन्यास हो । यसमा मुख्य पात्र 'नरेन्द्र दाइ', गौरी, मुनरिया र सानोबाबुको त्रिकोणात्मक संयोजन पाइन्छ । सानोबाबुको दृश्यपटमा यी पात्रहरू देखापरेका छन् । भूमिकाका आधारमा सानोबाबु द्रष्टा र भोक्ताका रूपमा आए तापनि कथावस्तुलाई डोऱ्याउने  काममा सहायक पात्रको स्थानमा देखापर्दछ । यीबाहेक सन्नानी, कप्तान्नी आमा, गाडीबाल, जुन्टुनानी, फगुनी, पिताजी, महारानी, नरेन्द्रको फुपूको छोरो, सानोबाबुका भान्दाइहरू, मुनरियाको बाबु, बाबु साहेब, नरेन्द्रका भान्दाइ आदि सहायक र भान्से बाहुनी, डाक्टर, बज्यै, भटना, छुतहरू, दीनानाथ, रामपियारी आदि गौण पत्रहरू पनि । केही प्रमुख चत्रिहरूको चरित्र चित्रण निम्नानुसार गर्न सकिन्छ :

### नरेन्द्र दाइ

'नरेन्द्र दाइ' उपन्यासको प्रमुख पात्र नरेन्द्र हो । ऊ आकर्षण नभएको, रुखो तथा त्रासद व्यक्तित्व हो । उसले केटाकेटीलाई मन पराए पनि केटाकेटीहरू उसलाई देखेर भाग्न खोज्छन् । भारतमा शिक्षा पाएको, गान्धीवादी विचारको पक्षपाती नरेन्द्र अहम्को प्रबलता भएको स्वभिमानी र आफ्नो निर्णयमा हठ राख्ने पात्र हो । क्रोधी र घमन्डी भएकाले ऊ आफ्ना बाबुलाई मुखभरि जवाफ दिएर पत्नी नै जिम्मा लगाउँछ । भरिलो

जिउकी मुनरियाप्रति आकर्षित हुन्छ अनि विवाहिता लिखुरी गौरीलाई उपेक्षा गर्छ । शारीरिक अतृप्तिले अहम्लाई जितेपछि जमिन्दार भए पनि ऊ नोकर्नीसँग प्रेम गर्न थाल्छ । आवेशवश अभद्र व्यवहार गर्न पनि पछि नहट्ने नरेन्द्र आमासँग सिधा प्रश्नोत्तर गरी घर छाड्ने निर्णय गर्दछ । आफ्नो सिद्धान्तलाई छोड्न नचाहने ऊ मुनरियालाई प्रेमकी देवीका रूपमा स्थापना गर्छ भने निजी सुख प्राप्त गर्नका लागि अरूको दुःखको वास्ता गर्नुहुँदैन भन्ने स्वार्थको पाठ मुनरियालाई पढाउँछ । गौरीलाई आफूले छोडेपछि अर्को विवाहका लागि उसलाई स्वतन्त्र छाडिदिने नरेन्द्रले गाउँ फर्कदा मुनरियालाई पनि यो अधिकार दिएकाले ऊ उदार देखिन्छ । अरूलाई दुःख दिएर सन्तुष्टि प्राप्त गर्ने परपीडन प्रवृत्तिले उसको मनमा घर जमाएको छ । आफ्नौ दुराचार र अव्यवस्थित विलासले गर्दा क्षयरोगको सिकार भएको उसलाई पहिले त्याग गरेकी पत्नीसामु जान अप्ठेरो लाग्दैन । शारीरिक र आत्मिक प्रेम प्राप्त गर्न सफल भएपछि अन्त्यमा ऊ शान्त र निर्विकार भएको छ । ऊ प्रारम्भमा प्रतिकूल चरित्रको भए पनि पछि परिवर्तन भई अनुकूल भएको छ भन्ने कुरा मुनरियाले सानोबाबुसँग व्यक्त गरेको वर्णनबाट जानकारी हुन्छ ।

नरेन्द्र यस उपन्यासको केन्द्रीय र अनुकूल चरित्र भएकाले ऊ नायक हो । उसका केही क्रियाकलापले तराईंको जिमिदारी जीवनको प्रतिनिधित्व गरे पनि ऊ व्यक्तिगत गुणले थिचिएको परिवर्तनशील चरित्र हो । सामाजिक परिप्रेक्ष्यमा पत्नी त्यागेर हिंडे पनि नियतिले उसको जीवनमा पारेको प्रभावका कारण ऊ बाध्य भएर परिवर्तन भएको छ ।

**गौरी**

गौरी नरेन्द्रकी विवाहिता पत्नी हो । उसको सानै उमेरमा बिहे भए पनि यौवनावस्थासम्म शरीर विकसित भएको छैन । विनयशील, संवेदनशील, पवित्र तथा आदर्शको मारले उसलाई थिचेको छ । ऊ धैर्य, त्याग र सहिष्णुताकी प्रतिमूर्ति बनेकी हुँदा उसले प्रशंसा र सहानुभूति बटुलेकी छ । सानोबाबुका दृष्टिमा त संसारमा सबैभन्दा राम्रो र सफा सुग्घर नारीमा गौरी नै पर्दछे । शिक्षित, सुसंस्कृत भए पनि बालिकाजस्ती देखिने हुनाले नरेन्द्रजस्तो जन्ड र तृषित पुरुष गौरीबाट टाढा भई मुनारियातिर आकर्षित भएको हो । गौरीको मनमा अतृप्तिको गहिरो घाउ छ जसलाई क्षतिपूर्ति गर्न ऊ सानोबाबुलाई मिठाइ दिएर निर्मम तरिकाले चुम्बन गर्छे । उसले गरेको कृष्ण मूर्तिको उपासना पनि एक प्रकारले पुरुषप्रतिको अतृप्त वासनाको क्षतिपूर्ति हो, यौन कुण्ठाको अभिव्यक्ति र सेक्स कम्पलेक्स नै हो । पतिसँग स्पर्श र समागम त परै जाओस् एउटै कोठामा बस्ने अवसरबाट समेत वञ्चित भएकी गौरी नरेन्द्रलाई निष्कलङ्क देवताकै रूपमा पूजा गर्छे । उसमा आफ्नी सौता बन्न खोजेकी मुनरियाप्रति पनि कुनै ईर्ष्या वा दुर्भावना छैन बरु गहिरो स्नेह छ भन्ने कुरा घर छाडेर भाग्न खोज्ने नरेन्द्रलाई चिठी लेखी रोक्न खोजेबाट स्पष्ट हुन्छ । गौरीले सानोबाबुलाई लेखेको चिठीमा पनि मुनरिया बहिनी भएकीले बनारसबाट गाउँ पठाइदिनु भनी अनुरोध गरेकी छ । नरेन्द्र क्षयरोगी भएर फर्किँदा पनि गौरी पतिलाई पाएर अत्यन्त आत्मविभोर र तृप्त भएकी छ । पतिको आत्मिक प्रेममा लीन भएर उसले जीवनको सर्वस्व पाएको अनुभव गरेकी छ । दुःखै दुःखको सागरमा सानो झिल्कारूपी सुखले पनि अपूर्ण आनन्द र शास्वत शान्ति प्रदान गर्छ भन्ने उसको व्यवहारले देखाउँछ । पतिलाई आदर्श र ईश्वर ठान्ने गौरी अमर प्रेमको

उच्चतामा पुगेको स्विकार्छे । पतिको मृत्युपछि पनि सधवा रहिरहने ऊ स्वपीडनकै कारण विक्षिप्तताको अवस्थामा पुगेकी छ।

गौरी उपन्यासकी नायिका हो। नरेन्द्रलाई शारीरिक प्रेमबाट सन्तुष्टि दिन नसके पनि आत्मिक प्रेमको अजस्र धाराले सिञ्चन गर्ने गौरी रहस्यभित्र गुम्सिएकी चरित्र हो। ऊ सनातन मर्यादाको परम्परागत आदर्श पालन गरेर दुखान्त बेहोर्ने बिडम्बना बोकेकी पात्र भएकाले अन्त्यमा दुर्घटनामा परेर मरेकी छ। व्यक्तिगत चरित्र हुनाका साथै कुण्ठाहरू पालेर बसेकी हुँदा गौरीको स्वभाव अन्तर्मुखी र जटिलतायुक्त देखिन्छ।

**मुनरिया**

मुनरिया गाउँको गरिब धानुककी छोरी र नरेन्द्रका घरकी नोकर्नी हो। उसको अनुहार कालो भए पनि हिसी परेकी र भरिलो जिउ डाल भएकी चञ्चल तर निर्दोष नारी हो। ऊ गाउँकी सामान्य केटी भए पनि आफ्नै मालिकको प्रेममा लिप्त हुन्छे। उसको चुमौन सानैमा भए पनि गौना नभएकाले ऊ पतिको घर गएकी छैन तर उसमाथि सामाजिक बन्धन भने अवश्य छ। अशिक्षित भए पनि मुनरिया प्रेमका बारेमा अति तार्किक विश्लेषण गर्छे र वनफूलझैँ आफ्नो निजीपन प्रस्तुत गर्छे। उसलाई आफ्नो प्रेम केवल कोसीमा आएको विनाशकारी भेलजस्तै अन्धवेग लाग्छ र ऊ प्रेमका क्रियाकलापलाई असामाजिक र स्वार्थ सम्झन्छे। नरेन्द्रलाई गरेको प्रेममा लाभहानी छैन भन्दै ऊ आफूले पाएको प्रेम आफ्नौ निजी अस्तित्वबाट प्राप्त भएको हुँदा त्यो गौरीबाट खोसेको होइन भन्छे। गौरीका तुलनामा आफूलाई हीन सम्झँदै ऊ प्रेमले गर्दा गौरीलाई देवी र आफूलाई पशु बनाएको स्विकार्छे। धेरै भावुकता नभएकी मुनरिया नरेन्द्रको शारीरिक प्रेमलाई तृप्त पार्छे भने बनारसको रसिक मण्डलीलाई अस्तित्व सुम्पने बाध्यतामा पनि पर्छे। नरेन्द्रसँग गाउँ जाने साहस पनि नभएर ऊ पछि एउटा बुढो जौहरीसँग विवाह गरेर 'पहिलेकी मुनरिया मरिसकी' भन्ने घोषणा गर्छे।

मुनरिया उपन्यासकी नायिका हो तर सामाजिक मार्यादाले उसको चरित्रलाई गौरीकै समकक्षमा राख्न भने दिँदैन। गौना गर्न आएको लोग्नेलाई छलेर नरेन्द्रका पछि लाग्ने मुनरिया बनारसमा जौहरीकी पत्नी भएर बसेकीले उसको आदर्शपक्ष दुर्बल देखिन्छ। ऊ नियतिकै लगाममा तानिनु परेका कारणले उपन्यासको दुःखान्तका लागि उसलाई मात्र दोष दिन मिल्दैन। दुःख भोगेर भए पनि ऊ सन्तुष्ट देखिन्छे किनभने उसले नरेन्द्रबाट प्रेमको सर्वोच्चरूप प्राप्त गरेकी छ। ऊ जटिल नभएर सामान्य निम्नवर्गीय पात्र हो। पृष्ठभूमि अनुकूल नभएका बेला उसका संवाद बौद्धिक र रहस्यले ज्यादा ढाकिएका छन्।

**सानोबाबु**

सानोबाबु 'नरेन्द्र दाइ' उपन्यासको द्रष्टा व्यक्ति चरित्र हो। सम्पूर्ण चरित्रहरूले उसकै दृश्यमा वा उसैसँग सम्बन्धित भएर घटनामा मात्र देखिने अवसर पाएका छन्। उसको बाल्यकालको स्मृति नै उपन्यासमा पूर्वदीप्ति (Flash-back) शैलीको प्रयोग भएर आएको छ। नरेन्द्रको भाइ पर्ने सानोबाबु ऊसँग ज्यादै डराउने तर गौरीलाई अत्यन्त मन पराउने केटो हो। नरेन्द्रकी बहिनी सान्नानीसँग साथी बनेर रातीगेडी टिप्ने, खोलामा नुहाउने गर्दा ऊ मुनरिया र नरेन्द्र दाइको एकान्त सम्बन्ध देख्ने पात्र हो। गौरी भाउजूको जबर्जस्तीको चुम्बन पाउँदा लाज मान्ने भइसकेको सानोबाबु सहयोगी र अज्ञाकारी पनि छ। मुनरिया र नरेन्द्र गाउँबाट भागेपछि ऊ

पनि केही वर्षपछि बनारस पढ्न जान्छ र त्यहाँ मुनरियालाई भेट्छ । नरेन्द्र बिरामी परेर गाउँ फर्किसकेकाले दाइसँग उसको भेट हुँदैन तर मुनरियाले आफ्नो पूर्वकथा उसलाई सुनाउँछे । मुनरिया र गौरी दुबैले उसलाई प्रेमका बारेमा अबुझ भनेका छन् । गौरी नरेन्द्रको मृत्युपछि विक्षिप्त भएको खबर पाएर सानोबाबु गाउँ गएर उसलाई बिरगन्ज माइतीमा पुऱ्याउँछ । पछि मुनरियालाई पसलमा भेट्दा उसले आफूलाई मरिसकेकी भनेर जबाफ दिँदा सानोबाबु शून्यतामा बिलाउँछ । मुनरिया, गौरी र नरेन्द्रले बनाएको बालुवाको त्रिकोण हल्लिएर भताभुङ्ग भएको दृश्य कल्पना गरेर ऊ जीवनको निस्सारता बोध गर्छ । सानोबाबु कथावाचकका साथै उपन्यासको सहायक चरित्र हो । उपन्यासका सबै कुरा जोडेर आफ्नो अनुभव दिनमा उसको संयोजनकारी भूमिका देखिन्छ ।

**परिवेश**

'नरेन्द्र दाइ' उपन्यासले मुख्यतः कोसी नदी किनारको तराईको गाउँ, बिरगन्ज, काठमाडौं र काशीलाई आफ्नो परिवेश बनाएको छ । उपन्यासमा भूकम्पले भत्किएको घरमा नौ दिनसम्म थुनिएर गौरीको मृत्यु भएको घटनाले यो १९९० साल अघिका घटनामा आधारित उपन्यास भएको स्पष्ट हुन्छ । त्यतिखेर नेपालमा पढ्ने, सामान बनाउने, यातायात आदिको निकै असुविधा भएको हुँदा उपन्यासको नायक कलकत्ता गई फर्किएको अनि मान्छेहरू पढ्न काशी जाने गरेको चर्चा पाइन्छ । कुलीन, जातीय, वर्गीय र लैङ्गिक भेदभाव व्याप्त रहेको हुनाले मुनरियाहरू आफूलाई दासी र नरेन्द्रलाई मालिक ठान्छन् । उच्च कूलकी बधू हुनाले गौरीलाई संस्कार र सभ्य परिवारको पाठ पढाइएको छ । घरमा रामायण वाचन गरिएको, इनारमा अछुतलाई छुन नदिएको, मुनरियासँगको प्रेम पुरै निन्दित हुनाले नरेन्द्रले घर छोडेको आदि घटनाले तत्कालीन समाज रूढिग्रस्त, आडम्बरी र पुरातन चिन्तनले ग्रस्त भएको पुष्टि हुन्छ । साबुनसमेत कलकत्ताबाट ल्याइएको अनि गाउँमा पिनाले नुहाउने गरेको, कोसी नदीको किनार, भङ्गालो, विनाशकारी बाढी, आँपका रुखहरू, गोरुगाडा, बालुवा उड्ने गरेको, झाडीहरू, नरेन्द्रको सिकार गर्ने सोख आदि प्रसङ्गले तराईको परिवेश सहजरूपमा चित्रित देखिन्छ । यसैगरी नरेन्द्र र मुनरियाले गाउँ छोडी काठमाडौं गएको र त्यहाँको सडक, वागमती किनार, पचलीघाट, भोटेबहाल आदि स्थानको चर्चा पाइन्छ । जीविकोपार्जन गर्न काशी पुगेको र सानोबाबु पढ्न त्यहीँ पुगेको सन्दर्भ जोडेर उपन्यासमा त्यहाँको रसिक मण्डली र तिनका क्रियाकलापहरूको वर्णन गरिएको छ । बाल्यकालीन घटनाहरूको वर्णन पनि गरिएको पाइन्छ । यी सबै उपन्यासका बाह्य परिवेश हुन् । आन्तरिक परिवेशका रूपमा नरेन्द्र र उसका बाबुआमाका बिच वैचारिक र पुस्तागत द्वन्द्व प्रबलरूपमा देखिन्छ । यस्तो द्वन्द्व गौरी र मुनरिया, मुनरिया र नरेन्द्रका बिच पनि देखिन्छ । यी सबै खाले अन्तर्द्वन्द्वले पात्रको मनस्थिति, सोचाइ र चिन्तनलाई प्रस्तुत गरेका छन् । यही चिन्तन नै उपन्यासको आन्तरिक परिवेश बन्न गएको छ । यस उपन्यासमा सुरुदेखि नै विसङ्गतिबोधको परिवेश पाठकका मनमा बल्झिन्छ । नरेन्द्रको शुष्क र कठोर व्यवहार तथा गौरीको नरम र आदर्शको विपर्यासमा मुनरियाको सुन्दरता र पुष्टताले प्रवेश पाएपछि एउटा विध्वंसको पूर्वाभास पाठकले गर्दै जान्छ । प्रेमको कुण्ठाबाट नरेन्द्र र मुनरियाले मुक्ति पाएपछि पनि गौरीको कारुणिकताले वातावरणमा निराशा छाउँछ । क्षयरोगले ग्रस्त नरेन्द्र गाउँ फर्किएपछि मुनरियाको स्थिति चिन्ताजनक हुन्छ । गौरी आत्मिक प्रेममा लिप्त भए पनि उसको विक्षिप्तताले गर्दा पुनः एउटा शून्यबोध

पाठकले गर्छ । सानोबाबुले मुनरियालाई भेट्दा 'मुनरिया मरिसकी' भन्ने जवाफ पाउनु अनि यसअघि नै नरेन्द्र र गौरीको मृत्युले गर्दा सबैको जीवन साररहीन शून्यमा रूपान्तरण भएको स्थितिबोध पाठकलाई हुन्छ । यसरी उपन्यासको आन्तरिक परिवेशमा देखिने रहस्यमय र विसङ्गतिपूर्ण वातावरणलाई सानोबाबुले बालुवाको त्रिभुज देखिने दृश्यसँग दाँजेको छ ।

## दृष्टिविन्दु

'नरेन्द्र दाइ' उपन्यासको कथानक 'म' पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । उपन्यासको 'म' पात्र सानोबाबु हो । सानोबाबुले आफूले बाल्यकालमा देखे भोगेका दृश्य, घटना र अनुभवलाई पूर्वदीप्ति शैलीमा प्रस्तुत गरेको छ । त्यसैले यस उपन्यासमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । सम्पूर्ण उपन्यास 'म' पात्र मात्रले प्रस्तुत नगरी त्यसभित्र आफूले देखेका दृश्यहरूलाई अवलोकन शैलीमा पनि प्रस्तुत गरिएको छ । 'म' पात्रले नरेन्द्र, गौरी र मुनरियाले गरेका क्रियाकलाप र संवादलाई तृतीय पुरुष कथन शैलीका माध्यमबाट पनि प्रस्तुत गरेको छ । केवल 'म' पात्र द्रष्टाका रूपमा मात्र रहेको छ । त्यसैले यस उपन्यासमा प्रमुखरूपमा प्रथम पुरुष दृष्टिविन्दु नै प्रयोग भएको देखिन्छ ।

## सारवस्तु

'नरेन्द्र दाइ' उपन्यास यौनलाई विषयवस्तु बनाएर रचना गरिएको उपन्यास हो । यसमा यौनशक्ति, व्यक्तिको स्वतन्त्रता र नियतिको विधानको सङ्घर्षलाई देखाइएको छ । वैयक्तिक स्वतन्त्रतालाई बढी महत्त्व दिएर त्यसको परिणाम नियतिको नियन्त्रणमा छाडिएको छ । मानव जीवनमा यौन अत्यन्त शक्तिशाली हुन्छ । यौन सन्तुष्टि पूरा नगरी त्यसलाई दमन गरेर राखियो भने त्यसको परिणाम अत्यन्त डर लाग्दो हुन्छ भन्ने कुरालाई देखाउन खोज्नु उपन्यासको मूल सारवस्तु वा उद्देश्य हो । व्यक्तिले आफ्नो यौनेच्छा पूर्तिका लागि जस्तासुकै चुनौतीहरू पनि पूरा गर्न तयार हुन्छ र जस्तोसुकै कठोर निर्णय लिन पनि पछि पर्दैन भन्ने कुरा देखाउन खोजिएको छ । एउटा शिक्षित, धनी र सुसंस्कृत परिवारमा जन्मे हुर्केको नरेन्द्रका लागि शारीरिक तथा मानसिक स्थिति पूर्णरूपमा अविकसित गौरी आकर्षण बन्न सक्दिन । त्यसैले नरेन्द्रले उसलाई कुनै वास्ता नगरी आफ्नै घरमा काम गर्ने तर यौनाङ्गहरू पूर्णतः विकसित र जवान मुनरियाले आकर्षण गर्छे । नरेन्द्र उसलाई लिएर कोसी नदीको किनार, वनजङ्गल, पाखापखेरा घुम्दै आफ्ना यौनेच्छाहरू पूरा गर्न थाल्छ । सिङ्गो परिवार र इष्टमित्रहरू उसलाई गौरीसँगको सम्बन्ध स्थापित गर्न निकै प्रयास गर्दछन् तर ऊ झन विद्रोही बन्दै बाबुलाई समेत तथानाम भनी सिङ्गो घर छाडी मुनरियालाई लिएर काठमाडौं हुँदै बनारस जान्छ । यसरी आफ्नो निर्णयका अगाडि कुनै पनि सम्झौता नगर्ने बरु आइपर्ने जुनसुकै परिस्थितिको सामना गर्न तयार हुने अस्तित्ववादी चिन्तनको अभिव्यक्ति उपन्यासमा पाइन्छ ।

'नरेन्द्र दाइ' उपन्यासमा विसङ्गतिको अभिव्यक्ति पनि पाइन्छ । उपन्यासको आदिदेखि अन्तसम्म जताततै विसङ्गतिको अभिव्यक्ति पनि पाइन्छ । कुल घरानकी सुन्दर र शुशील पत्नीलाई छाडी नरेन्द्रले घरकै नोकर्नीलाई पत्नी बनाउनु एउटा विसङ्गति नै हो । आफ्ना बाबुआमाको बेवास्ता गरी घर छाडेर हिँड्नु पनि एउटा विसङ्गति नै हो । अर्कातिर विवाह छिनिसकेकी मुनरिया विवाहको दिन कुर्नतिर नलागी मालिकको

इसारामा मालिककी श्रीमती र परिवारका आँखा छली यौन क्रिडामा रमाउँदै हिँड्नु र अन्तिममा गाउँ नै छाडेर भाग्नु अर्को विसङ्गति हो । अझ बनारसमा क्षयरोगले ग्रस्त भएर दुई छाककै लागि रसिक मण्डलीको मनोरञ्जनको साधन बनेर जीवन सुम्पिएर आफूलाई मृतक घोषणा गर्नु विसङ्गतिको उपयुक्त नमुना हो । यसरी मान्छेको जीवन विसङ्गतिपूर्ण छ, उसले नचाहँदै यौवनको भेलले मानिसलाई कसरी बढार्दै लग्छ र कहाँ कुन किनारमा पुऱ्याएर फालिदिन्छ थाहै हुँदैन भन्ने कुरा देखाउनु उपन्यासको सारवस्तु हो ।

**रूपविन्यास**

'नरेन्द्र दाइ' यथार्थवादी शैलीमा लेखिएको उपन्यास हो । यसमा सरल र सामान्य भाषा तथा पूर्वदीप्ति शैलीको प्रयोग गरी विचार सम्प्रेषण गरिएको छ । यस उपन्यासको कथयिताले आफ्नो बाल्यकालका दृश्यहरू सम्झँदै पूर्वस्मृतिका रूपमा घटनाहरूको संयोजन गरेको हुनाले कथानक स्पष्ट र सल्ल बगेको नभए पनि समग्रमा उपन्यास सरल नै छ । त्यसैले यस उपन्यासको रूपविन्यास संवृत हुन गएको देखिन्छ । यसमा सानोबाबुले आफूले देखे भोगेका घटनाहरूलाई प्रस्तुत गरेको छ । यस क्रममा उपन्यासकारले उभ्याएका पात्रहरू स्वयम्लाई संवादमा सहभागी गराउने काम पनि गरेका छन् । उपन्यासको दोस्रो खण्डमा गौरी र सानोबाबुका बिच चलेको पत्र संवादलाई रोचक पाराले प्रस्तुत गरिएको छ । यसरी 'नरेन्द्र दाइ' उपन्यासमा पूर्वस्मृति, संवाद र पत्र शैलीको प्रयोग गरिएको छ ।

यस उपन्यासमा कतिपय वस्तुलाई चिनाउन र विचार व्यक्त गर्न स्थानीय भाषाको पनि प्रयोग गरिएको पाइन्छ । यस्ता स्थानीय भाषाका शब्दहरू र अरू भाषाका शब्दहरू आगन्तुक शब्दका रूपमा देखिन्छन् । त्यस्ता आगन्तुक शब्दहरू- 'मुनरिया, फगुनी, तेरी छिटी दे त, उत्तमरिया, फोसा, बयल' आदि । त्यस्तै यस उपन्यासमा 'तन्मयता, स्पर्श, निषिद्ध, बधु, सभ्रान्त, प्राणधार, अनिष्ठ, मण्डप, मघुरात्रि, श्री चरण' आदि तत्सम शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ । यसरी 'नरेन्द्र दाइ' उपन्यासमा सरल र सामान्य भाषा, पूर्वस्मृति, संवाद र पत्रका माध्यमबाट शैली पक्षको निर्माण गरिएको र सामान्य पाठकका लागि पनि बोधगम्य हुनाले यस उपन्यासमा संवृत रूपविन्यासको प्रयोग भएको स्पष्ट हुन्छ ।

**प्रतीक र बिम्ब**

'नरेन्द्र दाइ' उपन्यासमा प्रयोग गरिएका प्रतीक र बिम्बले उपन्यासको विषय र सन्दर्भलाई अझ स्पष्ट पारेक छन् । सानोबाबुले 'ए फगुनी ! मलाई पनि राती गेडी हाल्न आउँछ आँखामा' भन्दा रामप्यारीले यस्तो जवाफ दिन्छे- 'यति सानै उमेरमा त्यस्तो बानी नलाए बाबु' । यस भनाइले राती गेडी हाल्न निश्चित उमेर हुनुपर्छ, अहिले तिम्रो उमेर पुगेको छैन भनी यौनिक अभिव्यक्तिलाई प्रतीकात्मक शैलीमा व्यक्त गराइएको छ । अर्को सन्दर्भमा राती गेडीको झ्याङ्ग भएको बडहरको रुखमा काउछाको लहरा देखिनुले प्रतीकात्मक सङ्केत गरेको छ । यस अभिव्यक्तिले नरेन्द्रलाई बडहर, गौरीलाई राती गेडी र उनीहरूको जीवनमा बाधक बनेर आएकी मुनरियालाई काउछाका रूपमा सङ्केत गरेको छ । मोथेको डाँठ चिरेर भाले पोथी छुट्याउने सन्दर्भले विपरीत लिङ्गी र यौनाकर्षणलाई सङ्केत गरेको छ । यसबाहेक यस उपन्यासमा बिम्बको उचित प्रयोग पाइन्छ । यस सन्दर्भमा कोसी नदीको बिम्बलाई चाक्षुष वा दृश्यबिम्बका रूपमा हेर्न सकिन्छ :

"पछवरियाधार । कोसीको एउटा ठुलो भँगालो हाम्रो गाउँको एक पाउजति पश्चिमतिर थियो । त्यसको किनाराको सानो वनबाँस, पाकड, गुलाफ, सिमल, पलाँस, कदम, जामुन, इमली इत्यादिका झ्याम्म परेका रुखले सधैँ अँध्यारो हुन्थ्यो र त्यसभित्रको सडक सधैँ चिसो भइरहन्थ्यो" (पृ.२५) ।

त्यस्तै गौरीको आत्मिक प्रेमको अनुभवलाई स्वादबिम्बका रूपमा प्रस्तुत गरिएको छ :

"गौरीले भनिन् उनी सदाका लागि मलाई प्रेम दिएर गए... हो सानोबाबू मरेनन् । ममा आएर बसे सधैँसधैँका लागि, मलाई सदाका लागि सौभाग्यवती बनाए । त्यसैले त हो नि अरूले कति भन्दा पनि मैले चुरा फोरिनँ, सिउँदोको सिन्दुर पछिनँ" (पृ.७५)

यसरी नरेन्द्र दाइमा प्रतीक र बिम्बको प्रयोग गरिएको पाइन्छ ।

## गति र लय

'नरेन्द्र दाइ' उपन्यामा सानोबाबुको बाल्यकालीन स्मृतिका खण्डहरूको संयोजन भएको छ । त्यसमा कतै संवाद र कतै पत्राहरूको शृङ्खला थपिँदै कथानकको निर्माण गरिएको हुनाले कथानक पक्रिन पाठकलाई केही अलमल हुन्छ । द्वन्द्व र कौतुहलताले गतिलाई तीव्र बनाएको हुँदा पट्यारलाग्दो भने छैन । यसरी गतिको मात्रा कम बेसी हुँदै उपन्यासको लय सिर्जना भएको छ । सानोबाबुको चेतनाको प्रवाहमा बेरोकटोक कुराहरू बगेका छन् र तिनमा कवितात्मक तीव्रता पनि पाइन्छ । यसमा कतै आत्मकथाको आनन्द पाइन्छ भने निर्मल नाटकीय संवादको स्वाद पनि भेटिन्छ । यही सङ्क्षेपात्मक र दृश्यात्मक पद्धतिको उपयोगले नै औपन्यासिक गतिको सुललितरूप निर्धारण भएको छ । वाक्यका स्तरमा पाइने यही मिठास नै लयको प्रारम्भिक परिणति हो । गौरी र मुनरियाको नरेन्द्रप्रतिको प्रेमको पुनरावृत्तिले तथा कोसीको विध्वंसले ल्याएको प्राकृतिक विनाश र निराशताको पटक पटक उल्लेख गरिएका कारण यसमा लयात्मकता थपिएको छ भने केन्द्रीय विषयलाई अझै प्रभावकारी बनाउन मद्दत गरेको छ ।

## शीर्षकको सार्थकता

उपन्यासको शीर्षक 'नरेन्द्र दाइ' रहेको छ । यस उपन्यासको प्रस्तोता पात्र सानोबाबुको नाताले दाइ पर्ने नरेन्द्र यस उपन्यासको नायक हो । नरेन्द्र यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको कथावस्तुलाई 'म' पात्रले प्रस्तुत गरेको भए पनि यस उपन्यासमा नरेन्द्रकै चरित्रको विश्लेषण गर्ने काम भएको छ । यसमा नायकको जीवनकालका अस्तित्व र विसङ्गतिलाई प्रस्तुत गरिएको छ । यसमा कथावस्तुभन्दा पात्रका चारित्रिक विश्लेषणमा बढी जोड दिइएको छ । नरेन्द्रको पारिवारिक वातावरण, सुसंस्कृत शिक्षित र आकर्षक व्यक्तित्व आदिलाई उपन्यासमा प्रस्तुत गरी विवाहित नरेन्द्र र उसकी पत्नीका बिचको बेमेलका कारण उसमा उब्जिएको आक्रोश, असन्तुष्टि र अहम्लाई देखाएको छ । सम्पूर्ण उपन्यास नरेन्द्रकै पारिवारिक सेरोफेरोमा वर्णन, उसको व्यक्तित्व र चरित्रको उद्घाटन, उसको यौनजन्य मानसिकता र क्रियाकलापमा केन्द्रित छ । आफ्नी विवाहिता पत्नी आफूलाई यौन सन्तुष्टि दिन नसक्ने ठानी आफ्नै घरमा काम गर्ने मुनरियासँग लहसिनु, परिवारका सदस्याहरूले पत्नीलाई अवहेलना गरिस् भन्दा उल्टै विद्रोह गर्न र घर नै छोडेर मुनरियालाई लिएर जानु, पत्नीसँग माफी मागी अत्यन्त हार्दिक प्रेम गर्नुजस्ता उसका व्यवहारहरू प्रस्तुत गरिएका छन् ।

उपन्यासको सुरुदेखि अन्त्यसम्म नरेन्द्रको सोचाइ, व्यवहार र चरित्रलाई उद्घाटन गर्ने काम गरिएको हुनाले उपन्यासको शीर्षक सार्थक देखिन्छ ।

## निष्कर्ष

'नरेन्द्र दाइ' उपन्यासको रचनाविधानरपरक अध्ययन गर्ने उद्देश्य र यसको रचनाविधान के कसरी भएको छ ? भन्ने प्रमुख समस्यामा केन्द्रित भई यो लेख तयार पारिएको हो । यस उपन्यासमा नायक नायिकाको सम्बन्ध, मुनरिया र सानोबाबुको दृष्टिकोण विसङ्गत देखिन्छ । नरेन्द्र सुरुमा शारीरिक प्रेम खोज्छ भने अन्तमा आत्मिक प्रेम प्राप्त गर्छ । ऊ अस्तित्वको लडाइँमा लागेर घरपरिवार नै छोडेर गए पनि उसको जीवनभोगाइमा विसङ्गत पक्षहरू पनि छन् । यस उपन्यासमा पूर्वस्मृति, संवाद र पत्रात्मक शैलीको प्रयोग गरिएको छ । यसको भाषामा तार्किक, कवितात्मक र स्थानीयताको प्रभाव देखिन्छ । यसमा घटनाभन्दा चरित्रको आधिक्यता पाइन्छ । यसको कथानक छिरलिएको भए पनि आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा बाँधिएको हुनाले यो रैखिक प्रकृतिको कथानकयुक्त उपन्यास हो । संवृत रूपविन्यासयुक्त प्रस्तुत उपन्यासले उच्च बौद्धिक पाठकका साथै सामान्य पाठकका लागि पनि पठनीय देखिन्छ । मूलतः यौनमनोवैज्ञानिक र आंशिकरूपमा विसङ्गतिवादी र अस्तित्ववादी जीवनदर्शनलाई प्रयोग गरिएको उपन्यासका रूपमा 'नरेन्द्र दाइ' उपन्यासको मूल्याङ्कन गर्न सकिन्छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउनुहुने विज्ञज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भ सामग्रीसूची

कोइराला, विश्वेश्वरप्रसाद (२०२७). *नरेन्द्र दाइ*. साझा प्रकाशन ।

घोडासैनी, खगेन्द्र (२०६८). उपन्यासको रचनाविधान. *सगुन १.* ८६–९६ ।

घोडासैनी, खगेन्द्र (२०७७). *कथाको रचनाविधान*, सनलाइट प्रकाशन ।

घोडासैनी, खगेन्द्र (२०७८). 'मुलुकबाहिर' उपन्यासको रचनाविधान. *सारस्वतप्रभा ४. १–१३* ।

पौड्याल, परशुराम (२०६५). *कथाको रूपविन्यास : सिद्धान्त र विवेचना*. बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रालि.।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दो.सं.). साझा प्रकाशन

शर्मा, मोहनराज (२०६३). *समकालीन समालोचना सिद्धान्त र प्रयोग* (दो.सं.). अक्सफोर्ड इन्टर नेसनल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०५७). नेपाली कथा (भाग ४). साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६६). *अभिनव कथाशास्त्र*. पालुवा प्रकाशन प्रालि ।